लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा,रुपन्देही

ईमेल: akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्या: २०८१/०८२
च. नं.:

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०६/१६ गते

यस कृषि ज्ञान केन्द्र, रुपन्देहीको चालु आ. ब. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८१/०७/०६ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, यस कार्यालयको वेबसाईट rupandehi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७१-५९०१३०, ५९०१३१ तथा सूचना अधिकारीको नं. ९८५७०५२९२९मा सम्पर्क गर्न सकिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:

| क्र. स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | बजेट (रु.लाख मा) | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | ५५ | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सामूहिक रूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कट्ठा) मा खेती गर्नुपर्ने। | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउबिजन/बेर्ना ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत प्रति हेक्टर अधिकतम रु १ लाख अनुदान। |
| २ | उद्योग लक्षित आलु प्रवर्द्धन कार्यक्रम | • कृषि उत्पादन सामाग्री (मलखाद बाहेक)मा अनुदान सहयोग गर्न सकिने<br>• उद्योग लक्षित उत्पादनमा आधारित प्रोत्साहन अनुदान सहयोग<br>• उद्योग लक्षित बीउ आलु भण्डारणको | १० | • उद्योग लक्षित सामूहिक उत्पादन/ विक्री योजना हुनुपर्ने<br>• उद्योगसँग खरिद विक्री गर्ने/गरेको प्रमाण पेश गर्नुपर्ने<br>• कृषि उत्पादन सामाग्री अनुदान सहयोग वा उत्पादनमा आधारित प्रोत्साहन अनुदान सहयोग मध्ये कुनै एकमा मात्र अनुदान सहयोग हुने<br>• कम्तिमा एक योजनामा ५० मेट्रिक टन भन्दा बढीको कारोबार हुनुपर्ने । | • स्वीकृत बजेटको परिधिभित्र रही उत्पादन सामाग्रीको हकमा ५०% सम्म अनुदान सहयोग गर्न सकिने<br>• उत्पादनमा आधारित प्रोत्साहन अनुदानमा प्रति किलोग्राम रु ५ सम्म अनुदान दिन सकिने |

श्री आर्थिक विकास शाखा
६/१८

गैडहवा गाउँपालिका
दर्ता नं. ६६३
दर्ता मिति २०८१/०६/१८



प्रमुख
कृषि प्रसार निर्देशक
(अधिकृतस्तर दशौं)

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा,रुपन्देही

ईमेल: akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्या: २०८१/०८२
च. नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| | | लागि शीत भण्डार गृह सम्म ढुवानी- अनुदान सहयोग | | | • बीउ आलु ढुवानीको हकमा उत्पादन स्थल देखी शित भण्डार स्थान सम्म प्रचलित दर रेट अनुसार शत प्रतिशत ढुवानी अनुदान दिन सकिने। |
| ३ | बीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न/दलहन/तेलहन) | उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल,, सुक्ष्म तत्व खरिद, प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद। | १०५ | • खाद्यान्न बालीको हकमा न्यूनत्तम ५ हेक्टर र दलहल/तेलहन बालीको हकमा न्यूनतम २ हेक्टरमा बीउ उत्पादन गर्नुपर्ने।<br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>• बीउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | प्रोत्साहन स्वरूप खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति कठ्ठा रु.१०००/- अनुदान दिइने। |
| ४ | तोरी प्रवर्द्धन कार्यक्रम (मायादेवी गाँउपालिका) | • बीउ खरिद,<br>• सुक्ष्म तत्व खरिद,<br>• रोगकिरा व्यवस्थापन सामग्रीहरु,<br>• यन्त्र उपकरण,<br>• बजारीकरण (Hermatic bag, प्याकेजिङ्ग सामग्री, लगायत) सहयोग। | ५ | • कृषक/कृषकसमूह/सहकारी/फर्म/कम्पनी कार्यक्रममा सहभागी हुनसक्ने,<br>• कार्ययोजनामा बीउ खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने। | प्रति हेक्टर अधिकतम १५ हजार अनुदान वा ५० प्रतिशत अनुदान दिन सकिने। |



शिव प्रसाद अर्याल
प्रमुख
कृषि प्रसार निर्देशक

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भैरहवा,रुपन्देही

ईमेल: akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्याः २०८१/०८२
च. नं.:

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची- ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची- ३५ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
११. दोहोरो अनुदान नलिएको स्वःघोषणा ((अनुसूची- ३९ बमोजिम)।

३.

प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

ईमेल: akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्याः २०८१/०८२
च. नं.:

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशनः मिति २०८१/०६/१६ गते)

यस कृषि ज्ञान केन्द्र, रुपन्देहीको चालु आ. व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र (मिति २०८१/०७/१३ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, यस कार्यालयको वेवसाईट rupandehi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७१-५९०१३०, ५९०१३१ तथा सूचना अधिकारीको नं. ९८५७०५२९२९मा सम्पर्क गर्न सकिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | वजेट (रु.लाखमा) | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | ५० | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिईनेछ,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिइनेछ। | • पूर्वाधार (सिंचाइ कुलो, पोखरी, सोलार सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाइको फिल्टर सेट, बोरिङ्ग) निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाइप आदी) को हकमा अधिकतम ५० प्रतिशत.<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान। |

प्रसाद अर्याल
प्रमुख
कृषि प्रसार निर्देशक
(अधिकृतस्तर दशौं)

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

ईमेल: akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०, ५९०१३१

पत्र संख्या: २०८१/०८२
च. नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कृषि यान्त्रिकीकरण कार्यक्रम ( सिद्धार्थनगर र सैनामैना नगरपालिका) | • साना तथा ठूला कृषि यन्त्र उपकरण (सिंचाई सम्बन्धी उपकरण बाहेक) उपलब्ध गराउने | २० | • कृषक/समूह/ सहकारी<br>• व्यावसायिक खेती गरेको हुनुपर्ने<br>• खरिद गरिने यन्त्र उपकरणको स्पेशिफिकेशन सम्बन्धित कार्यालयबाट स्वीकृत गराउनुपर्ने | • कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान। |
| ३ | करार खेती कार्यक्रम | • करारमा खेती गर्ने कृषक/फार्म/समूह/सहकारीलाई जग्गाको भाडामा सहयोग गरिने। | १२ | • करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने<br>• एकाघरको परिवार बाहेकमा करारनामा हुनुपर्ने<br>• भूमिहिनलाई वा ५ कठ्ठाभन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकता दिइने<br>• बाझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिइनेछ<br>• करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिवद्धता हुनुपर्नेछ। | • प्रति हेक्टर अधिकतम ३० हजारका दरले जग्गा भाडा वापत अनुदान दिइने।<br>• प्रति अनुदानग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम सञ्चालन गर्न सकिने। |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची- ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची- ३५ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
११. दोहोरो अनुदान नलिएको स्वःघोषणा ((अनुसूची- ३९ बमोजिम)।

प्रसाद अर्याल
प्रमुख
कृषि प्रसार निर्देशक
(अधिकृतस्तर दशौं)